**पहिलो विश्व पाठेघरको मुखको क्यान्सर उन्मुलन दिवस, २०२५**

**"आजैदेखि लागौं : पाठेघरको मूखको क्यान्सर निवारण गरौं।**

***(Act Now: Eliminate Cervical Cancer)"***

**१७ नोभेम्बर, २०२५**

विश्व स्वास्थ्य संगठनको ७८औं महासभाबाट पहिलो पटक नोभेम्बर १७ लाई विश्व पाठेघरको मुखको क्यान्सर निवारण दिवसको रुपमा मनाउने घोषणा गरे अनुरुप पहिलो पटक **"आजैदेखि लागौं : पाठेघरको मुखको क्यान्सर निवारण गरौं"** (Act Now: Eliminate Cervical Cancer) भन्ने नाराका साथ यस दिवस मनाउन लागिएको छ। सन् २०२२ मा यहि दिनमा विश्व स्वास्थ्य संगठन (WHO) ले पाठेघरको मुखको क्यान्सरलाई सार्वजनिक स्वास्थ्य समस्याको रूपमा अन्त्य गर्ने विश्वव्यापि रणनीति (Global Strategy) सुरु गरेको थियो। पाठेघरको मुखको क्यान्सर रोकथाम, उपचार र निवारण का लागि यस वर्षको नाराले सबै सरोकारवाला निकायहरुलाई अहिले नै कदम चाल्न प्रेरित गर्छ।

पाठेघरको मुखको क्यान्सर HPV भाइरसको संक्रमण बाट हुने गर्दछ । पाठेघरको मुखको क्यान्सर मध्ये ७० प्रतिशत भन्दा वढी क्यान्सर Human Papilloma Virus को १६ र १८ प्रजातिका कारण हुन्छ। समयमै पत्ता लगाई उपचार भएमा पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिन्छ। पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्न VIA, HPV DNA र pap smear लगायतका विधिहरु उपलव्ध छन् ।

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) प्रारम्भिक अवस्थामा पत्ता लगाइए र प्रभावकारी रूपमा उपचार गरिएमा पूर्ण रूपमा रोकथाम र उपचार हुने रोग हो तर पनि यो विश्वभर महिलाहरूमा देखिने चौथो क्यान्सर हो। सन् २०२२ मा मात्र यो रोगका कारण करिब ३.५ लाख महिलाहरूले ज्यान गुमाए। नेपालमा पनि महिलाहरूमा हुने क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर प्रमुख क्यान्सर हो। Global Cancer Observatory, 2022 को प्रतिवेदन अनुसार नेपालमा बार्षिक २१६९ जना महिलाहरूमा पाठेघरको मुखको क्यान्सर पत्ता लाग्ने गरेको छ भने १३१३ जना महिलाको पाठेघरको मुखको क्यान्सरका कारण मृत्यु हुने गरेको छ। यस हिसावले नेपालमा पाठेघरको मुखको क्यान्सरका नयाँ बिरामी पत्ता लाग्ने दर (incidence rate) १४.२ प्रति लाख रहेको छ भने मृत्यु दर ८.७ प्रति लाख रहेको छ।

पाठेघरको मुखको क्यान्सर उन्मूलन गर्नका लागि सबै देशहरूले प्रति १ लाख महिलामा ४ भन्दा कम नयाँ घटना (incidence rate below 4 per 100,000) कायम राख्नुपर्नेहुन्छ। विश्व स्वास्थ्य संगठनले पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न ३ रणनीति सिफारिस गरेको छ। उक्त रणनीतीको कार्यान्व्यनले पाठेघरको मुखको क्यान्सरबाट हुने मृत्यु सन् २०३० सम्म ३० प्रतिशत

घट्ने अनुमान गरिएको छ। सोहि अनुसार यस क्यान्सर निवारणको लागि सन् २०३० सम्ममा नेपाल सरकारले कम्तिमा ९०% किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप लगाउने, ३० वर्ष माथिका कम्तिमा ९०% महिलाहरुको स्क्रिनिङ गर्ने र पाठेघरको मुखको क्यान्सरको निदान भएका कम्तिमा ९०% महिलाहरुको उपचार गर्ने रणनैतिक लक्ष्य तय गरेको छ ।

नेपालको संविधानले महिलाको प्रजनन् स्वास्थ्यको अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ भने सोही आधारमा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले स्तन र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग आधारभूत स्वास्थ्य सेवाको रुपमा पहिचान गरिएको छ र यो सेवा प्रत्येक आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तोकिएको स्वास्थ्य संस्थाबाट निःशूल्क रुपमा प्रदान गरिने व्यवस्था छ ।यिनै कानूनी व्यवस्था अनुरुप सेवा प्रवाह र व्यवस्थापनका लागि मिति २०७९/१०/१६ को माननीय मन्त्रीस्तरको निर्णयानुसार पाठेघरको मुखको क्यान्सर रोकथाम सम्बन्धी निर्देशिका, २०८० जारी गरिएको छ। सो निर्देशिका अनुसार उपलब्ध भए सम्म HPV DNA विधिवाट र नभएमा VIA विधि वा गुणस्तरयुक्त Pap test बाट महिलाहरुको स्क्रिनिङ गर्नुपर्ने व्यवस्था गरिएको छ। सो अनुरुप नेपाल सरकारले ११ जिल्लाका १२९ वटा स्थानीय तहहरुमा HPV DNA Screening कार्यक्रम लागु गर्ने योजना गरेको छ। साथै

सो निर्देशिका अनुरुप तपसिल अनुसारका विधिवाट पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिन्छ।

| रोकथाम (Prevention) | क्रियाकलाप |
|---|---|
| प्राथमिक तह (Primary Prevention) | खोप सेवाः ९ देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई ( नेपाल मा १० वर्षदेखि)<br>जनचेतना र स्वास्थ्य शिक्षा |
| द्वित्तिय तह(Secondary Prevention) | स्क्रिनिङ तथा क्यान्सर गराउन सक्ने पुर्वावस्था (precancerous lesion) को उपचार |
| तृतिय तह (Tertiary Prevention) | उपचार :<br>○ क्यान्सरको निदान तथा उपचार<br>○ शल्यक्रिया<br>○ रेडियोथेरापी<br>○ केमोथेरापि<br>○ प्रशामक सेवा (Palliative Care) |

नेपालमा पाठेघरको मुखको क्यान्सर रोकथामका लागि सन् २०१० देखि नै स्क्रिनिङ कार्यक्रम सुरुवात गरिएको थियो भने गत आ.व. देखि १० वर्षदेखि १४ वर्षका किशोरीहरुलाई अभियानको रुपमा HPV खोप कार्यक्रम संचालन गरिएको थियो भने नियमित खोप कार्यक्रम अन्तर्गत १० वर्षका/६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

कक्षामा अध्ययनरत किशोरीहरुलाई खोप सेवा दिने कार्यक्रम रहेको छ। HPV खोप अभियानमा ९४% किशोरीहरुले खोप प्राप्त गर्न सफल भएका छन्। खोप सेवाको लक्ष्य हासिल गरेता पनि स्क्रिनिङ सेवाको लक्षित गरे अनुसार सेवाको उपभोग बढाउन चुनौति रहेको छ। नेपाल जनसांख्यिक सर्वेक्षणका अनुसार केवल ११% महिलाले मात्र पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गराएका छन्। यसका प्रमुख चुनौतीहरूमा महिलामा सचेतना अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच, दक्ष जनशक्ति र नियमित कार्यक्रमको कमी, कमजोर डेटा व्यवस्थापन, सामाजिक लाजभाव र आर्थिक रहेका छन्। परिणामस्वरूप धेरै महिलामा रोग ढिलो चरणमा मात्र पत्ता लाग्ने र मृत्यु दर उच्च रहने गरेको छ। समयमै स्क्रिनिङ, HPV खोप विस्तार, जनचेतना वृद्धि र स्वास्थ्य प्रणाली सुदृढीकरण यस रोगको निवारणका लागि अनिवार्य छन्।

पुनः दिवसको अवसरमा हार्दिक शुभकामना सहित आ-आफ्नो क्षेत्रबाट पाठेघरको मुखको क्यान्सरबारे जनचेतना अभिबृद्धि गर्न, किशोरीहरुलाई HPV खोप लगाउन प्रोत्साहन गर्न, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्गको महत्त्व बुझाएर समयमा नै यो रोगको पहिचान गरेर उपचार गराउन जनप्रतिनिधी, समाजसेवी, सञ्चारकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी लगायत सरोकारवालाहरु सबैमा आग्रह गर्दछु।

धन्यवाद !!

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं